नेवाः अन्तर्राष्ट्रीय दबू जापान
ネワー国際フォーラム・ジャパン
Newa International Forum Japan

3-28-8 Hamadayama Suginami-ku Tokyo 168-0065 Tel/Fax: 03-3311-6475 E-mail: nifj@hotmail.co.jp
www.newajapan.org ; www.newajapan.blogspot.com

**Central Executive Committee**

**President**
Katou Gyanu Manandhar

**Vice Presidents**
Dinesh Sakya
(President Mie Pref.)
Bhupi G. Shrestha

**General Secretary**
Suwarn Vajracharya
(Editor-in-Chief: NIFJ Publications)

**Secretaries**
Bigendra M. S. Pradhan,
Rajesh Rajbhandari

**Treasurer**
Nirmal Buddha Manandhar

**Asst. Treasurer**
Binita Kharbuja

**Executive Members**
Dinesh Joshi
(President Sizuoka Pref.)
Janak Nakermi
(President Gunma Pref.)
Daya Maharjan
(President Gifu Pref.)
Rajesh Pradhanang
(President Kanagawa Pref.)
Naram Kaji Shrestha
(Chairman, Fund Raising Committee) ,
Anita Pradhanang,
Rabin Sakya
(Website Manager),
Dinesh Vajracharya
Pramod Suwal
Suresh Vajracharya
Bhupal G. Shrestha
Shovana Vajracharya

**Auditor**
Madhav N. Manandhar
(First President)

**Advisors**
Dr. Ram D. Shrestha
Dr. Iswar M. Shakya,
Dr. Keshav L. Maharjan
Mr. Katou Syuichi

# ज्ञापण पत्र

माननीय अर्थ मन्त्री डा. रामशरण महत जू,

सर्व प्रथम, मे ८ तारिक जापानको क्योटोमा भएको एसियाली विकास बैङ्कको ४०औं वार्षिक बैठक माननीय मन्त्रीजूको अध्यक्षतामा सम्पन्न भएको सुन्न पाउँदा हामी प्रवासी नेपालीलाई अत्यन्तै खुसी लागेको छ। यो नेपालको लागि ठुलो गौरवको कुरा हो। माननीय मन्त्रीजूको अध्यक्षतामा बसेको उक्त बैठक सफलता पूर्वक सम्हाल्नु भएकोमा मन्त्रीजूलाइ हाम्रो नेवाः अन्तर्राष्ट्रीय फोरम जापानको मित्रहरुको तर्फबाट हार्दिक बढाइ एवं विशेष धन्यवाद टक्र्याउन चाहन्छौं ।

नेवाः अन्तर्राष्ट्रीय फोरम जापान, एउटा पुराणो प्रवासी नेपाली संगठन हो। यस्को सदस्यहरु नेवाः समुदायको मित्रहरु मात्र नभइ, बहुजातीय नेपालको एक अभिन्न नेवाः संस्कृति र सम्पदाको अध्ययन गरी नेपालको संस्कृतिको प्रचार प्रसार द्वारा नेपाल लाइ जपानमा चिनाउने उद्देश्यलाइ ग्रहण गर्ने सबैको साझा संगठन हो। हाम्रो गतिविधिहरुमा, अहिले सम्म, वर्षको चारवटा कार्यक्रमहरु आयोजना गरी आइरहेका छौं। जनवरी महिनामा, जपानी-नेपाली पारिवारिक भेला, मे महिनामा बुद्ध जयन्ति र विश्व शान्ति कामना गरिने वैसाख महोत्सव, अक्टोबरमा नेपाल सम्वतको नयाँ वर्ष र तिहारको मेला र बेला बखतमा अरु नेपाली संगठन संग सहकार्य गरी, नेपालको बारे एकडमिक सेमिनार वा प्रवचन कार्यक्रमहरु गरि आइरहेका छौं।

हाम्रो मैत्रीपूर्वक आग्रह

मातृभूमी नेपाल बाट टाढा बसोबास गरीरहे पनी, हामि प्रवासी नेपालीहरुको बहु संख्या मातृभूमिको, आर्थिक सम्पन्नता, सामाजिक विकास एवं देशीय सांस्कृतिक संरक्षणको चाहना गर्छौं । अहिले सम्म, देशमा विद्यमान अशान्तिको वातावरणले गर्दा नेपाली जनताको आर्थिक सम्पन्नता हुन सकेको छैन। तर, जनआन्दोलन २ बाट गत वर्ष बनेको ८ राजनैतिक पार्टीको अन्तरिम सरकारले गर्न तयार भैरहेको नयाँ नेपालको संरचना द्वारा नेपाली जनता लाई शान्ति र सुखपूर्वक जीवन यापन गर्नसक्ने बाटो बनीने अभिलाशा र मातृभूमीको उन्नति हुँदा, हामी प्रवासी नेपालीलाई पनी जुन देशमा गएपनी, बसोबास गरे पनी, नेपाली भनेर टाउको उठाएर हिड्न सक्ने आशा बढेर आइरहेकोछ । नेपालको विकासमा नेवाः अन्तर्राष्ट्रीय फोरम जापानको हामि प्रवासी नेपाली मित्रहरुले सक्दो सहयोग गर्ने बिचारमा छौं ।

तर, नेपालको वातावरण अहिले सम्म शान्तिपूर्ण हुन नसकेकोले हामी अझै चिन्तित छौं। हामिलाइ लाग्छ शान्ति भनेको शस्त्र अस्त्र, कडा कानुन कैदले अथवा बल शक्तिले बनाउन सक्ने होइन। भगवान बुद्धको सद्उपदेस अनुसार, दया, करुणा, मैत्री र समान व्यवहार, आदरगौरवले मात्र शान्ति बनिने छ। त्यसकारण, हामी नेवाः अन्तर्राष्ट्रीय फोरम जापान बाट मन्त्रीजू लगायतको नेपालको अन्तरिम सरकार समक्ष एक मैत्रीपूर्वक आग्रह गर्न चाहन्छौकि, बहुजातीय नेपालको सबै जनजाती समावेस हुने, सबैको हित र भलो हुने नयाँ नेपालको संरचना गरी विश्व शान्तीका प्रतीक बुद्धको जन्मभूमी नेपालमा शान्तिको पुनर्बहालि गर्न सक्दो प्रयास र आवश्यक नीति बनाइयोस र नेपाली कांग्रेस लगायत अरु नेपाली राजनैतिक पार्टीहरु भित्रमा पनि बहुजातीय सदस्यहरुको समावेसीकरण गर्न आवश्यक प्रस्ताव राखीदिनुहुन हार्दिक आग्रह गर्दछौं ।

अध्यक्ष कतोः ज्ञाणु मानन्धर
महासचिव सुवर्ण वज्राचार्य

२००७ मे ९,
नेवाः अन्तर्राष्ट्रीय फोरम जपान
हामादायामा, तोःक्योः